कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सिक्लेस हाइड्रोपावर लिमिटेड
# Sikles Hydropower Limited


रजिष्ट्रार कार्यालयः लेखनाथ- ०७, पोखरा, कास्की
फोन नं.: ०६१-४६५८०६, ५२७८०७, ४६२७७४
इमेल : sikleshydro13mw@gmail.com, वेभसाईटः www.sikleshydro.com.np


## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

सिक्लेस हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु. ८५,००,००,०००/- (अक्षरेपी पचासी करोड मात्र) को १३.५३% अर्थात् रु.११,५०,००,०००/– (अक्षरेपी एघार करोड पचास लाख) रकम बराबरको रु.१००/– अंकित दरको ११,५०,००० कित्ता साधारण शेयर मध्ये ५% अर्थात् ५७,५०० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र ३% अर्थात् ३४,५०० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्ट्याइएको र बाँकी १०,५८,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि **आज मिति २०७९ भाद्र २९ गते बुधबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या : १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता |
|---|---|

| सि.नं. | विवरणपत्र पाइने स्थानहरुः |
|---|---|
| १. | बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं। |
| २. | सिक्लेस हाइड्रोपावर लिमिटेडको कार्यालय, कुपण्डोल, ललितपुर। |

साथै, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.bokcapital.com.np तथा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.sikleshydro.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सकिनेछ।

| सि.नं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुका साथै मेरो शेयर मार्फत आवेदन दिन सकिने छ। |

| धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : | २०७९/०६/०२ गते (बैंकिङ्ग समय पश्चात्) |
|---|---|
| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : | २०७९/०६/१२ गते (बैंकिङ्ग समय पश्चात्) |

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरणः**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७५/०७६ | आ.व.०७६/७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९१.७८ | १०३.६४ | ११६.८६ | ११४.८२ | १२०.५६ | १२८.२९ |
| प्रति शेयर आम्दानी (रु.) | (४.९५) | ११.८६ | १६.८२ | ९.९८ | १५.७४ | १७.७३ |
| संचित नाफा/नोक्सानी (रु. हजारमा) | (५३,४१४) | २३,६५१ | १,०९,५६४ | १,२६,००४ | १,७४,७९७ | २,४०,४७८ |

### प्रति मेगावाट कुल लागत सम्बन्धी विवरणः

संगठित संस्थाको वित्तीय विवरण अनुसार १३ मेगावाट क्षमताको यस आयोजनाको कुल लागत रु २,३१,७६,५५,०००/- र प्रति मेगावाट उत्पादन लागत लगभग रु. १७,८२,८१,१५४/- करोड मात्र रहेको छ ।

### विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरणः

अनुमतिपत्र बहाल रहने अवधि मिति २१०५/११/२० गतेसम्म रहेकोले २६ वर्ष १० महिना बाँकी रहेको छ ।

### लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्थाः

लगानी फिर्ता हुने अवधि (Pay Back Period) ८.९१ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १२.९९ वर्ष रहेको छ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाडौंले मिति २०७८/०६/२० गते "CARE-NP BB+(Is)" रेटिङ्ग प्रदान गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) (देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो रेटिङ्ग को वैधता अवधि एक बर्ष अर्थात २०७९/०६/१९ गते सम्म रहनेछ ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०७९ भाद्र २१ गतेको "कारोबार राष्ट्रिय दैनिक" मा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.sikleshydro.com.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.bokcapital.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**बि.ओ.के. क्यापिटल मार्केट लि.**
**B.O.K Capital Market Ltd.**
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np

मिति २०७९/०५/२९ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने।